आज मिति २०७८/०६/०८ गते विहान ८ बजे बारागुङ मुक्तिक्षेत्र गाउँपालिका एवं स्थानिय विपद व्यवस्थापन समितिका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङको अध्यक्षतामा बसेको स्थानीय विपद व्यवस्थापन समितिको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो ।

उपस्थितीः

| | | |
|---|---|---|
| श्री फेन्चोक छेप्तेन गुरुङ | अध्यक्ष | |
| श्री दिकी गुरुङ | सदस्य | (उपाध्यक्ष) |
| श्री ज्ञानेन्द्र शर्मा | सदस्य | (प्रमुख प्रशासकीय अधिकृत) |
| श्री विपिन श्रेष्ठ | सदस्य | (पूर्वाधार विकास शाखा प्रमुख) |
| श्री ~~चिर बहादुर~~ गिरन प्र. पौडेल | सदस्य | ( प्रमुख, इलाका प्रहरी कार्यालय, मुक्तिनाथ) |
| श्री गोविन्द प्रसाद देवकोटा | सदस्य | (प्रमुख, इलाका प्रहरी कार्यालय, छुसाङ) |
| श्री प्रकाश अधिकारी | सदस्य | (प्रमुख कागबेनी प्रहरी चौकी) |
| श्री लक्ष्मी गुरुङ | सदस्य | (कार्यपालिका सदस्य एवं वडा नं. १ प्रतिनिधि) |
| श्री देवि गुरुङ | सदस्य | (कार्यपालिका सदस्य एवं वडा नं. ५ प्रतिनिधि) |
| श्री ~~कार्पो गुरुङ~~ छर्पु गुरुङ | सदस्य | (गाउँसभा सदस्य एवं प्रतिनिधि वडा नं. ३) |
| श्री ~~छाम्याम्पे गुरुङ~~ छावाङ नाम्ग्याल | सदस्य | (प्रतिनिधि वडा नं. १) |
| श्री कर्साङ आङ्गो गुरुङ | सदस्य | (प्रतिनिधि वडा नं. २) |
| श्री सुदर्शन पौडेल | सदस्य-सचिव | |

छलफल तथा निर्णयहरुः

## निर्णय नं. १.

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ र वडा नं. ४ हुदै बग्ने पाण्डा खोलामा आएको बाढिका कारण जोमसोम-कागबेनी सडक खण्ड पटक पटक अवरुद्ध हुनुका साथै लुप्रा सडकमा पनि क्षति भएकोमा सो संरचनाहरुको मर्मत, त्यस्तै फल्याक शाङ्ता सडक र कागबेनी सिंचाई तथा घट्टे कुलो मर्मत लगायका कार्यमा तुलाचन कन्स्ट्रक्शन्स प्रा.लि. बाट २०७८/०५/०१, २०७८/०५/०६, २०७८/०६/०२ र २०७८/०६/०७ लगायतका मितिमा भएकोमा उक्त कार्यको लागि भएको खर्चको भुक्तानी प्राविधिकको बिल बमोजिमको रु. ५,४४,०००/- बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट दिनका लागि गाउँपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ र वडा नं. ४ हुदै बग्ने पाण्डा खोलामा आएको बाढिका कारण क्षति भएको जोमसोम-कागबेनी सडक खण्ड र फल्याक शाङ्ता रोडको मर्मत कार्य हिमालयन कन्स्ट्रक्शन प्रा.लि. बाट २०७८/०४/०१, २०७८/०५/१९, २०७८/०५/२३, २०७८/०५/१९ लगायका मितिमा भएको मर्मत कार्य वापतको प्राविधिकको बिल बमोजिमको रु. ४३१,९५८/- को खर्च भुक्तानी बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट दिनका लागि गाउँपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

मुक्तिक्षेत्र गाउँ
कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ३

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको वडा नं. १ मुक्तिनाथ मन्दिर गेट नजिक ग्याविन तार जालि लगाउन आवश्यक भएकोमा उक्त क्षेत्रको लागि ५० वटा ग्याविन जालि खरिद गरिएकोमा सो कार्यको भुक्तानी वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानि दिन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. २ बस्ने कमल बहादुर गुरुङको घर वर्षाका कारण भत्कि क्षति भएको भनि निज कमल बहादुर गुरुङको निवेदन र वडा नं. २ को कार्यालयको समेत निवेदन प्राप्त भएको विषयलाई मध्यनजर गरि निजलाई गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रु. १,५०,०००/- (रु. एक लाख पचास हजार) राहत स्वरुप उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।